# मिथिला नगरपालिकामा प्रशिक्षार्थी (Program Fellow)को पुनः आवेदनका लागि सूचना

**१.कार्यक्रमको परिचय :** अष्ट्रेलियन सरकार, बैदेशिक मामिला तथा व्यापार विभाग र द एशिया फाउण्डेशनको साझेदारीमा मिथिला नगरपालिकामा स्थानीय सरकार सबलीकरण कार्यक्रम संचालन भइरहेको छ। यस अवधिमा कार्यक्रमबाट पहिलो चरणमा थालनी भएका स्थानीय शासन सबलीकरणका कार्यहरुलाई निरन्तरता दिँदै दीगो, प्रभावकारी र समावेशी संघीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न अवसर प्राप्त हुने विश्वास लिइएको छ। यस कार्यक्रमको मूलभुत उद्देश्य स्थानीय तहबाट प्रदानहुने सेवाप्रवाहमा सुदृढीकरणका लागि प्राविधीक सहयोग उपलब्ध गराई स्थानीय जनस्वास्थ्य प्रणालीको सुदृढीकरण, आर्थिक पुनरुत्थान र सरकारबाट प्रवाहहुने सेवाको सुधारमा सहजीकरण गर्नुका साथै नेपालमा सबल, प्रभावकारी र समावेशी स्थानीय शासन व्यवस्थाको कार्यान्वयनका लागि सहज वातावरण निर्माण गर्न योगदान पुऱ्याउनु रहेको छ।

कार्यक्रमको एक महत्वपूर्ण उद्देश्यको रुपमा लैंगिक समानता, सामाजिक समावेशीकरण र अपांगता भएका व्यक्ति लगायत अति सीमान्तकृत समुदायको बृहत्तर हितमा योगदान पुऱ्याउने रहेको छ। उल्लिखित उद्देश्य हासिल गर्न साझेदार नगरपालिकासँगको समन्वयमा ***स्थानीय सरकार सबलीकरण तथा सीमान्तकृत समुदायका लागि प्रशिक्षार्थी अवसर कार्यक्रम*** सञ्चालन गर्ने उद्देश्य लिइएको छ। यस प्रशिक्षार्थी अवसर कार्यक्रमबाट नगरपालिका काकाममा संलग्नभई सिक्ने, नगरपालिकाको आवश्यकता र प्राथमिकताका क्षेत्रमा आवश्यक सहयोग गर्ने अवसर प्राप्तहुने विश्वास कार्यक्रमले लिएको छ।

२. **प्रशिक्षार्थी आवद्ध हुने स्थानीय तह:**

- **मिथिला नगरपालिका, धनुषा जिल्ला, मधेश प्रदेश।**

३. **आवश्यक प्रशिक्षार्थी संख्या :** एक (१) जना

४. **प्रशिक्षार्थीको कार्यस्थान :** प्रशिक्षार्थीले नगरपालिकामा रही कार्य गर्नुपर्नेछ। नगरपालिकाले (प्रदेश-संयोजक तथा नगरपालिकाका सम्पर्क अधिकृतबीचको समन्वयमा नगर प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतसँग परामर्श गरी) प्रशिक्षार्थीलाई वडा, समुदाय तथा टोल तहमाहुने योजना तर्जुमा, टोल विकास संस्थाका कार्यक्रमहरुमा समेत अवलोकनका लागि परिचालन गर्न सकिनेछ। द एशिया फाउण्डेशनले आवश्यकता अनुसार नगरपालिका क्षेत्र बाहिर सञ्चालनहुने तालिम, अनुशिक्षण तथा सिकाई आदान प्रदान कार्यमा लगाउन सक्नेछ।

५. **प्रशिक्षार्थीको भूमिका तथा मुख्य जिम्मेवारीहरु :** प्रशिक्षार्थीको मुख्य भूमिकाहरु त्था जिम्मेवारी देहाय बमोजिम हुनेछ :

१.नगरपालिका तथा द एशिया फाउण्डेसनबाट सेवाप्रवेश लगत्तै तथा समय समयमा आयोजना गर्ने स्थानीय शासन र विकास प्रशासन सम्बन्धी ज्ञान तथा सीपमूलक विभिन्न तालिम, अनुशिक्षण तथा सिकाई आदानप्रदान कार्यक्रममा सक्रियतापूर्व भागलिने,

२. नगरपालिका र फाउण्डेशन बाट सञ्चालित कार्यक्रमको संक्षिप्त प्रतिवेदन रआवश्यक सूचना तथा तथ्यांकको संकलन विश्लेषण सहितको प्रतिवेदन तयार गरी पेश गर्ने,

३. नगरपालिका र फाउण्डेशनले तोकेका बिषयक्षेत्रमा संलग्नभई कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

प्रमुख प्रशासकीय अधि...

६. **समन्वयमा रहीकार्य गर्ने** : प्रशिक्षार्थीले नगरपालिकाले तोकेको सम्पर्क अधिकारी र द एशिया फाउण्डेशनका कर्मचारी तथाप्रदेश संयोजकको प्रत्यक्ष समन्वय, सहजीकरण र सुपरिवेक्षणमा रही कार्य गर्नुपर्नेछ ।

७. **प्रशिक्षार्थीलाई प्राप्तहुने सेवा सुविधा** : प्रशिक्षार्थीलाई द एशिया फाउण्डेशनको नियम बमोजिमको सेवा सुविधा उपलब्ध हुनेछ ।

८. **प्रशिक्षार्थी कायम रहने अवधि** : प्रशिक्षार्थी कायम रहने अवधि नियुक्ती भएको मिति देखी एक वर्षसम्म हुनेछ ।

९. **आवेदनशुल्क** : आवेदन दिँदा कुनै शूल्क लाग्ने छैन ।

१०.**आवेदन दिनका लागि न्यूनतम शैक्षिक योग्यता**: स्नातक तह अध्ययन गरिरहेको व्यक्तिले प्रशिक्षार्थीको आवेदन दिन सक्नेछन ।

११. **आवेदकको अनुभव** : आवेदन दिनका लागि कुनै काम गरेको अनुभव आवश्यक पर्ने छैन ।

१२. **आवेदन दिँदा इमेल वाहस्त लिखित निवेदन सँगै पेश गर्नुपर्ने कागजातहरु** : आवेदकले प्रशिक्षार्थीको लागि आवेदन बुझाउँदा देहायका कागजातहरु संलग्न गरी पेश गर्नुपर्नेछ ।

१. *निवेदन :* प्रशिक्षार्थीको अवसर प्राप्त गर्न किनआफु उपयुक्त छु ? प्रशिक्षार्थी कार्यक्रमबाट के अपेक्षा गरेको छु भन्ने बिषय समेत समेटीएको निवेदनपत्र र बायोडाटा

२. *शैक्षिक प्रमाणपत्र :* स्नातक तहमा अध्ययन गरिरहेको खुल्ने प्रमाणपत्र (क्याम्पसको सिफारिस पत्र वा विद्यार्थी परिचयपत्रको प्रतिलिपी)

३. *नागरिकता प्रमाणपत्रको प्रतिलिपी*

४. ***अपाङ्गता भएका व्यक्तिको हकमा सोको प्रमाणपत्रको प्रतिलिपी ।***

१३. **छनौट विधि** : आवेदकहरु मध्येबाट प्रारम्भिक छनौटमा परेका आवेदकहरुलाई अन्तरवार्तामा बोलाइनेछ ।

**१४. आवेदकले निवेदन पत्रमा कुन नगरपालिकाका लागि आवेदन गरेको हो खुलाई पठाउनु पर्नेछ ।**

*आवेदन पठाउने इमेल ठेगाना :* nepal.fellowship@asiafoundation.org.

*हस्त लिखित निवेदन* दिनचाहाने आवेदकले नगरपालिकाको प्रशासन शाखामा निवेदन बुझाउन सक्नेछन् । यसरी प्राप्त लिखित निवेदनलाइ प्रदेश संयोजकको सहजीकरणमा द एशिया फाउण्डेशनको कार्यालयमा पेश गर्नुपर्नेछ ।

*१५. आवेदन पठाइसक्नुपर्ने अन्तिम मिति :* २०८२ साल मंसिर १४ गतेभित्र (१ हप्ता)

*(नोटः सीमान्तकृत समुदायका व्यक्तिको आवेदन मात्र ग्राह्य हुने :* द एशिया फाउण्डेशन सामाजिक समावेशीकरण तथा लैङ्गिक समानताप्रति प्रतिबद्ध रहेको छ । यस प्रशिक्षार्थी अवसर कार्यक्रममा नगरपालिकाभित्रका अपाङ्गता भएका व्यक्ति (महिला तथा पुरुष) र अति सीमान्तकृत समुदाय र दलित समुदायका महिलाहरुबाट प्राप्त आवेदन मात्र ग्राह्य हुनेछ ।)

आवेदकले केहि थप बुझ्न चाहेमा सम्पर्क व्यक्ति र नम्बर

- नाम थर : मन्जु बि.क., **सम्पर्क नम्वरः** ९८५४०२२२०८

प्रमुख प्रशासकीय अधिकृत